# नेपाल सरकार

## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

**बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट**

दैनिक अद्यावधिक विवरण | मिति: २०८३ भदौ १६ गते / 1 September 2026

**०१ विपद् प्रभावित बालबालिकाका लागि अस्थायी बाल स्क्रिनिङ केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका तयार:-** बाढी तथा विपद्का कारण परिवारबाट छुट्टिएका, अभिभावक वा परिवारको पहिचान हुन नसकेका तथा तत्काल संरक्षण आवश्यक भएका बालबालिकाको सुरक्षित र व्यवस्थित संरक्षणका लागि मन्त्रालयले विपद् तथा जोखिममा परेका बालबालिकाको संरक्षण तथा व्यवस्थापन गर्न अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन निर्देशिका तयार गरेको छ। निर्देशिकाअनुसार यस्ता बालबालिकालाई अस्थायी रूपमा केन्द्रमा सुरक्षित राखी उनीहरूको परिवार तथा अभिभावक खोजी र पुनर्मिलनलाई पहिलो प्राथमिकता दिइनेछ। परिवार वा कानुनी अभिभावकसँग तत्काल पुनर्मिलन सम्भव नभएको अवस्थामा प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी कानुनी रूपमा स्वीकृत बाल हेरचाह संस्थामा मात्र स्थानान्तरण तथा व्यवस्थापन गरिनेछ। मन्त्रालयले उक्त केन्द्र शीघ्र सञ्चालनमा ल्याउन काठमाडौं उपत्यकाका स्थानीय तहसँग समन्वय तथा आवश्यक तयारी अघि बढाएको छ। विपद्पछिको अवस्थामा प्रभावित तथा परिवारबाट छुट्टिएका बालबालिकाको व्यवस्थित स्क्रिनिङ, अस्थायी संरक्षण, परिवार खोजी तथा कानुनी रेफरलका लागि यस प्रकृतिको संरचित केन्द्र नेपालमा पहिलोपटक सञ्चालनमा ल्याउने तयारी गरिएको हो।

**०२ अपाङ्गता भएका विपद् प्रभावित व्यक्तिको विवरण संकलन तथा आवश्यक सहयोगमा सहजीकरण:-** भदौ १० गते भोटेकोशी तथा आसपासका क्षेत्रमा आएको बाढीका कारण प्रभावित अपाङ्गता भएका व्यक्तिको अवस्था तथा आवश्यकताको विवरण मन्त्रालयअन्तर्गत अपाङ्गता अधिकार प्रवर्द्धन शाखाले सम्बन्धित निकायसँग समन्वय गरी संकलन गरिरहेको छ। हालसम्म प्राप्त विवरणअनुसार अपाङ्गता भएका ६० जना प्रभावित/घाइते भएको तथा २२ जना बेपत्ता रहेको विवरण प्राप्त भएको छ। बेपत्ता भएकामध्ये बहिरा अपाङ्गता भएका १० जना, दृष्टिविहीन १० जना, शारीरिक अपाङ्गता भएका १ जना र मनोसामाजिक अपाङ्गता भएका १ जना रहेको विवरण प्राप्त भएको छ। त्यस्तै, धादिङ र नुवाकोटमा अपाङ्गता भएका दुई व्यक्तिको घर पूर्ण रूपमा क्षति भएको विवरण प्राप्त भएको छ। विपद् प्रभावित व्यक्तिलाई आवश्यक स्वास्थ्य तथा सहायक सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय भइरहेको छ। राष्ट्रिय अपाङ्ग कोष, भृकुटीमण्डपमा तत्काल आवश्यकताका लागि २० वटा ह्विलचियर तयारी अवस्थामा राखिएको छ।

**०३ विपद् प्रभावित ज्येष्ठ नागरिकको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि समन्वय:-** रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा र तनहुँलगायत प्रभावित जिल्लामा रहेका ज्येष्ठ नागरिक, आश्रम, वृद्धाश्रम तथा दिवा सेवा केन्द्रको अवस्था र आवश्यकताबारे मन्त्रालयले सम्बन्धित सरोकारवाला संघसंस्था तथा निकायसँग समन्वयलाई थप सुदृढ गरेको छ। ज्येष्ठ नागरिकको उद्धार, राहत, पुनर्स्थापना, संरक्षण, स्वास्थ्य तथा मनोसामाजिक सेवा, सहायक सामग्री र विवरण संकलन लगायतका कार्यमा सम्बन्धित संस्थाहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने गरी समन्वय गरिएको छ। साथै, विपद्का कारण संकटग्रस्त क्षेत्रमा रहेका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने उपयुक्त कार्यविधि (modality) सम्बन्धमा समेत आवश्यक छलफल भइरहेको छ। मन्त्रालयको ज्येष्ठ नागरिक शाखाले जोखिममा रहेका ज्येष्ठ नागरिकलाई आवश्यक सेवा छिटो उपलब्ध गराउन स्रोत नक्साङ्कन तथा आवश्यक विवरण संकलनका फारामहरू तयार गरेको छ।

**०४ येलो गुम्बामा मनोसामाजिक परामर्श तथा Psychological First Aid सेवा:-** सामाजिक संस्थाहरुको पहलमा भदौ १५ गतेदेखि येलो गुम्बामा मनोसामाजिक परामर्श तथा मनोवैज्ञानिक प्राथमिक सहायता (Psychological First Aid–PFA) सेवा सञ्चालन भइरहेको छ। सेवा प्रदान गर्न Senior Psychological Counselor को सुपरिवेक्षणमा मनोसामाजिक परामर्शदाताहरू परिचालन गरिएको छ। आवश्यकताअनुसार योगसम्बन्धी सहयोग तथा तामाङ भाषामा सहजीकरण गर्न सक्ने परामर्शदाता समेत टोलीमा उपलब्ध छन्।

**०५ विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन:-** मन्त्रालय तथा सम्बन्धित निकायसँगको समन्वयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन निरन्तर भइरहेको छ। भदौ १६ गते प्राप्त विवरणअनुसार नुवाकोटमा CP4E का ६० सेट तथा १२० वटा कम्बल उपलब्ध गराईएको छ। त्यस्तै, रसुवामा चामल, दाल, नुन, चिनी, खाद्य सामग्री तथा Kitchen Set लगायतका राहत सामग्री उपलब्ध गराईएको विवरण प्राप्त भएको छ।

**०६ हालसम्म प्राप्त विपद् प्रभावितसम्बन्धी समग्र विवरण:-** मन्त्रालयमा हालसम्म प्राप्त विवरणअनुसार करिब ६५ हजार व्यक्ति प्रभावित भएका छन्, जसमध्ये २२ हजार १ सय बालबालिका रहेको विवरण प्राप्त भएको छ। उपलब्ध विवरणमा ४ हजार ५ सय ३० जनाको उद्धार, १ हजार ५८ जनाको मृत्यु, २ सय ७९ जना घाइते तथा ३ हजार ४ सय ५३ जना विभिन्न Holding Centre तथा संघसंस्थाको आश्रयमा रहेको उल्लेख छ। सम्पर्कविहीन व्यक्तिसम्बन्धी विवरण संकलन, प्रमाणीकरण तथा अद्यावधिक गर्ने कार्यसमेत निरन्तर भइरहेको छ। मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा रहेका समूहको पहिचान, उद्धार, संरक्षण, सुरक्षित आवास, मनोसामाजिक सहयोग, रेफरल तथा पुनर्स्थापना सुनिश्चित गर्न सम्बन्धित सरकारी निकाय, स्थानीय तह, राष्ट्रिय बाल अधिकार परिषद्, Protection Cluster तथा साझेदार संस्थासँगको समन्वयलाई निरन्तरता दिएको छ।